# किस्पाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
काहुले, नुवाकोट

बागमती प्रदेश, नेपाल

प.सं. २०७८/०७९
च.नं. :- १९६०

मितिः २०७९/०१/१३

सूचना ! सूचना !! सूचना !!!

प्रस्तुत विषयमा यस गाउँपालिकाको आ.व. २०७८/०७९ को तेस्रो त्रैमासिक सा.सु. भत्ता तपसिल बमोजिम सानिमा बैंक किस्पाङ शाखा बाट बितरण हुन गईरहेकोले उल्लेखित तालिका बमोजिम सानिमा बैंक किस्पाङ शाखामा तोकिएको दिनमा उपस्थित भई आफ्नो सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तान लिनु हुन सम्पूर्ण सामाजिक सुरक्षा लाभग्राहीहरुमा जानकारीको लागि अनुरोध छ ।

तपसिल

| वडा | साविक वडा | मिति |
|---|---|---|
| ३ | सबै | २०७९/०१/१४ |
| १ | १,२,३,४,५ | २०७९/०१/१५ |
| | ६,७,८,९ | २०७९/०१/१६ |
| २ | १,२,३,४ | २०७९/०१/१९ |
| | ५,६,७,८,९ | २०७९/०१/२० |
| ५ | १,२,३,४,५ | २०७९/०१/२१ |
| | ६,७,८,९ | २०७९/०१/२२ |
| ४ | सबै | २०७९/०१/२३ |

पुनश्चः

१. उपरोक्त तालिका सानिमा बैंक किस्पाङ शाखाबाट रकम भुक्तानी लिने लाभग्राहीहरुको लागि मात्र लागु हुनेछ । अन्यत्र रहनुहुने लाभग्राहीहरुले सानिमा बैंकको आफू नजिकको शाखा बाट कुनैपनि समयमा आफ्नो रकम भुक्तानी लिन सक्नुहुनेछ ।

२. २३ गते पछि कुनै पनि समयमा कुनै पनि वडाका लाभग्राहीहरुले आफ्नो रकम भुक्तानी लिन सक्नुहुनेछ ।

३. भत्ता भुक्तानी लिन आउँदा अनिवार्य रुपमा स्वास्थ्य मापदण्ड अपनाउनु हुन सम्पूर्ण लाभग्राहीहरुलाई अनुरोध गरिन्छ ।

४. एकै दिन धेरै जना लाभग्राहीहरु रकम भुक्तानी लिन उपस्थित हुँदा वितरण प्रक्रिया प्रभावित हुन सक्ने भएकोले आफ्नो तोकिएको दिन मात्र उपस्थित भई रकम भुक्तानी लिनुहुन अनुरोध गरिन्छ ।

५. रकम भुक्तानी लिन आउँदा नागरिकता तथा सामाजिक सुरक्षा परिचयपत्रको प्रतिलिपि अनिवार्य रुपमा ल्याउनु पर्नेछ ।

महा प्रसाद दंगाल
प्रमुख प्रशासकीय अधिकृत